# सूर्योदय नगरपालिकाको बैदेशिक रोजगारबाट फर्किएका आप्रवासी उद्यमी सम्मान तथा पुरस्कार वितरण सम्बन्धी कार्यविधि, २०८२ (मस्यौदा)

स्वीकृत मितिः २०८२।०२।२३

**प्रस्तावना** : वैदेशिक रोजगारीबाट फर्केका नेपालीहरूले वैदेशिक रोजगारको सिलसिलामा आर्जन गरेका ज्ञान, सीप, अनुभव र पूँजीलाई सदुपयोग गर्न विशेष प्रोत्साहन आयमूलक तथा रोजगारमूलक कार्यमा सहभागी हुन प्रेरणा दिने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ (२) बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागु गरेको छ।

## परिच्छेद – १

## सङ्क्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको बैदेशिक रोजगारबाट फर्किएका आप्रवासी उद्यमी सम्मान तथा पुरस्कार वितरण सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यस कार्यविधि सूर्योदय नगरपालिकाको नगरकार्यपालिका बैठकद्वारा स्वीकृत भइ राजपत्रमा प्रकाशन भएपश्चात लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

**(क) "नगरपालिका"** भन्नाले सूर्योदय नगरपालिकालाई सम्झनु पर्दछ।

**(ख) "कार्यपालिका"** भन्नाले सूर्योदय नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

**(ग) "वडा"** भन्नाले सूर्योदय नगरपालिकाको वडालाई सम्झनु पर्दछ।

**(घ) "समिति"** भन्नाले कार्यविधिको दफा ६ बमोजिमको समितिलाई सम्झनु पर्दछ।

**(ङ) "प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

**(च) "कार्यविधि "** भन्नाले सूर्योदय नगरपालिका फर्किएका आप्रवासी कामदार उद्यमी सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०८२ लाइ सम्झनु पर्दछ।

**(छ) "उद्यमी"** भन्नाले विदेशबाट फर्किएर आएका र आफ्नो स्वामित्वमा व्यवसाय सञ्चालन एवं व्यवस्थापन गर्ने उद्यमीलाई सम्झनु पर्दछ।

## परिच्छेद -२

## पुरस्कार सम्बन्धी व्यवस्था

३. **पुरस्कृत गर्न सकिने:** (१) नगरपालिकाले बैदेशिक रोजगारबाट फर्किएका उद्यमीहरुले आफूले आर्जन गरेको ज्ञान, सीप, अनुभव र पूँजीलाई सदुपयोग गरि आयमूलक तथा रोजगारमूलक कार्यमा संलग्न रहँदै उदाहरणीय तथा प्रेरणादायी कार्य गरि नगरपालिकाको उद्देश्य प्राप्त गर्न योगदान पुऱ्याएको, मूल्याङ्कन तथा सिफारिस समितिको सिफारिसको आधारमा देहाय बमोजिम पुरस्कार वितरण गर्न सक्नेछ:

(क) नगरपालिका क्षेत्रभित्रबाट बढीमा २ (दुई) जना उद्यमीलाई वितरण गर्न सक्नेछ,

(ख) उपलब्धताका आधारमा प्रत्येक वडाबाट बढीमा १ (एक) जना उद्यमीलाई वितरण गर्न सक्नेछ,

(२) दफा ३ (१) बमोजिम पुरस्कार वितरण गर्दा नगद पुरस्कार तथा सम्मानपत्र वितरण गरिनेछ।

४. **रकम उपलब्ध गराउन सकिने:** (१) नगरपालिकाले दफा ३ बमोजिम पुरस्कृत गर्दा देहाय बमोजिम रकम उपलब्ध गराउन सक्नेछ:-

(क) दफा ३ (१) को खण्ड (क) बमोजिम बढीमा रु. १५,५००।- (पन्ध्र हजार पाँच सय रुपैँया) मात्र

(ख) दफा ३ (१) को खण्ड (ख) बमोजिम बढीमा रु. १०,०००।– (दश हजार रुपैँया) मात्र

५. दफा ३ बमोजिमको पुरस्कार दफा ५ बमोजिमको समितिको सिफारिसको आधारमा कार्यपालिकाले निर्णय गरि एक कार्यक्रम आयोजना गरि पुरस्कृत गर्न सक्नेछ।

## परिच्छेद-३

## मूल्याङ्कन तथा सिफारिस समिति सम्बन्धी व्यवस्था

**६. समितिको गठन:** दफा ३ बमोजिमको पुरस्कृत हुने उद्यमीको सिफारिसका निम्ति नगरपालिकामा देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ:-

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) श्रम तथा रोजगार प्रवर्धन शाखा प्रमुख - सदस्य

(ग) उद्योग, वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख - सदस्य

**७. समितिको काम कर्तब्य र अधिकार:** समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछ:-

(क) दफा ३ बमोजिमको पुरस्कृत हुने उद्यमीहरुको नामावली कार्यपालिका समक्ष सिफारिस गर्ने,

(ख) नाम सिफारिस गर्दा अनुसूची - ३ बमोजिमको आधारमा सिफारिस गर्नु पर्नेछ,

(ग) नाम सिफारिस गर्दा दफा ३ (१) खण्ड (क) बमोजिम बढीमा ५ (पाँच) जना र दफा ३ (१) खण्ड (ख) बमोजिम बढीमा ३ (तीन) जनाको नाम मूल्याङ्कन पश्चात् प्राप्ताङ्क सहितको योग्यताक्रमको आधारमा सिफारिस गर्नु पर्नेछ,

(घ) समितिले विषयविज्ञताका आधारमा आवश्यकता अनुसार समितिको बैठकमा विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा डाक्न सक्नेछ र

(ङ) समितिले पुरस्कृत हुने उद्यमीहरुको प्रारम्भिक मूल्याङ्कन पश्चात स्थलगत निरीक्षण समेत गर्नु पर्नेछ।

## परिच्छेद – ४

## पुरस्कार छनौट सम्बन्धी मापदण्ड

**८. उद्यमी छनौटको सूचना** : (१) नगरपालिकाले दफा ३ (१) बमोजिमको पुरस्कार प्रदान गर्न अनुसूची - १ बमोजिमको ढाँचामा पुरस्कारको आवेदन गर्न कम्तिमा ७ (सात) दिनको सार्वजनिक सूचना जारी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशित भएको मितिले तोकिएको समयावधिभित्र आवेदकले अनुसूची - २ बमोजिमको ढाँचामा तोकिएको कागजात सहित प्रमुख प्रशासकीय अधिकृतलाई निवेदन पेस गर्नु पर्नेछ।

*तर उपदफा (२) बमोजिमको कामकाजका लागि प्रमुख प्रशासकीय अधिकृतले अधिकार प्रत्यायोजन गर्न सक्नेछ।*

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर समितिले छनौटका आधारहरुलाई वर्गीकृत गरि अनुसूची – ४ बमोजिम कार्यपालिकामा पेस गर्नु पर्नेछ।

(४) आवेदकबाट प्राप्त आवेदनमा कर चुक्ता र दाखिला प्रमाण-पत्र अनिवार्य रुपमा पेस गर्नु पर्नेछ।

(५) दफा ३ (१) को खण्ड (क) र (ख) बमोजिमको पुरस्कृत हुने उद्यमी छनौट गर्ने आधार अनुसूची - ३ बमोजिमको हुनेछ।

**९. नगरपालिकाले पुरस्कृत गर्नु पर्ने:** (१) समितिबाट सिफारिस भएको योग्यताक्रम बमोजिमको नामावली, प्राप्ताङ्कको आधारमा कार्यपालिकाले पुरस्कृत गर्नेछ।

(२) उपदफा (१) बमोजिम पुरस्कृत गर्दा दुई वा सो भन्दा बढी आवेदकको प्राप्ताङ्क बराबर भएमा समावेशी-समानुपातिक सिद्धान्तका आधारमा सर्वसम्मतीबाट र सो नभएमा बैठकको अध्यक्ष सहितको बहुमतले गरेको निर्णय अन्तिम निर्णय हुनेछ।

## परिच्छेद – ५

## विशेष व्यवस्था

**१०.** एक पटक पुरस्कृत भइसकेको व्यक्तिलाई दोहोऱ्याएर पुरस्कृत गरिने छैन।

**११.** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दुई वा सो भन्दा बढी व्यक्तिहरुले सञ्चालन गरेको उद्यमका लागि संयुक्त रुपमा एक मात्र पुरस्कार प्रदान गरिनेछ।

**१२.** नगरपालिकाले पुरस्कार तथा सम्मान गर्नको लागि छनौट भएका उद्यमीहरुको सूची सार्वजनिक सूचना गरि प्रकाशन गर्नु पर्नेछ।

**१३.** नगरपालिकाले बैदेशिक रोजगारबाट फर्किएका र बैदेशिक रोजगारबाट आर्जन गरेको ज्ञान, सीप, पूँजी र अनुभवलाई सदुपयोग गरि उदाहरणयोग्य व्यवसाय सञ्चालन गरेको र मूल्याङ्कनको आधारमा पुरस्कृत हुन योग्य उद्यमी हो भन्ने महसुस भएमा यस कार्यविधि बमोजिम त्यस्ता उद्यमीले आवेदन पेस नगरेतापनी पुरस्कृत गर्न बाधा पुगेको मानिने छैन।

*तर, त्यस्तो उद्यमीलाई पुरस्कृत गर्दा यस कार्यविधिको अनुसूची-४ बमोजिमको मूल्याङ्कन सूचकको आधारमा अन्य आवेदकभन्दा बढी प्राप्ताङ्क प्राप्त गरेको हुनु पर्नेछ।*

## परिच्छेद – ६

## विविध

**१४. बाधा अड्काउ फुकाउ:** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा भएमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

(२) यस कार्यविधिमा भएका व्यवस्थाहरु नेपालको प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**अनुसूची-१**

**(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)**

**वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मितिः-**

वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई उनीहरुको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने पुरस्कारका लागि देहाय वमोजिमको योग्यता पुगेका नगरबासीले **"सूर्योदय नगरपालिकाको बैदेशिक रोजगारबाट फर्किएका आप्रवासी उद्यमी सम्मान तथा पुरस्कार वितरण सम्बन्धी कार्यविधि, २०८२"** को अनुसूची २ अनुसारको आवेदन फाराम भरी खामवन्दी गरी तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ........ दिनभित्र नगरपालिका / वडा कार्यालयमा दर्ता गराउन अनुरोध गरिन्छ। आवेदनको फाराम र सो सम्बन्धी कार्यविधि यस नगरपालिकाको वेवसाइटबाट डाउनलोड गर्न सकिनेछ।

| **आवश्यक योग्यता** | **अनुसूची फाराम २ साथ संलग्न गर्नुपर्ने कागजात ( प्रतिलिपिको हकमा स्वयं प्रमाणित गर्नुपर्ने)** |
|---|---|
| -कार्य भिसामा विदेश गई कम्तिमा १ वर्ष काम गरी फर्किएको,<br>-वैदेशिक रोजगारीबाट नेपाल फर्की व्यवसाय सचालन गरेको न्यूनतम १ वर्ष पुरा भएको,<br>-विगत ५ वर्ष भित्र यस नगरपालिकावाट यस प्रकारको पुरस्कार प्राप्त नगरेको। | १) नेपाली नागरिकताको प्रतिलिपि,<br>२) श्रम स्वीकृतिको प्रतिलिपि,<br>३) भिसा सहितको राहदानीको प्रतिलिपि,<br>४) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>५) कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>६) गत आ.व........को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>७) यसअघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा। |

पुनश्चः विगत वर्षहरुमा यस प्रकारको पुरस्कारको लागि आवदेन पेश गरेका तर पुरस्कारको लागि छनौटमा नपरेका उद्यमीहरुले समेत आवेदन दिन सक्नेछन्।

**अनुसूची -२**

**(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)**

**सूर्योदय नगरपालिकाको बैदेशिक रोजगारबाट फर्किएका आप्रवासी उद्यमी सम्मान तथा पुरस्कारको लागि आवेदन फारम**

श्रीमान् प्रशासकीय अधिकृत ज्यू,
सूर्योदय नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
फिक्कल, इलाम ।

महोदय,

प्रस्तुत विषयमा सूर्योदय नगरपालिकाको मिति २०............... को सूचना बमोजिम सूर्योदय नगरपालिकाको बैदेशिक रोजगारबाट फर्किएका आप्रवासी उद्यमी सम्मान तथा पुरस्कारको लागि योग्य भएकोले तपसिल बमोजिमको विवरण र कागजात संलग्न राखि यो निवेदन पेस गरेको छु ।

१. नाम थर:

२. आमाको नामः वावुको नामः

३. वाजेको नामः

४. स्थायी ठेगानाः

५. व्यवसाय गरेको ठेगानाः

६. वैदेशिक रोजगारीमा गएको देशको नाम र बसेको अवधि क्रमशः

| **मुलुकको नाम** | **बसाइ अवधि** |
|---|---|
| क. ..................... | ...................... |
| ख. ..................... | ...................... |
| ग. ..................... | ...................... |

७. विदेशमा रहदा गरेको कामको प्रकृति (विवरण) सिकेको सीप र ज्ञानः

..................................................................................................................

८. राहदानी नं:

Departure र Arrival मिति र Visa समेत देखिने गरी (राहदानीको छाँयाप्रति संलग्न गर्नुपर्ने)

९. नेपालमा फर्की शुरु गरेको व्यवसायको नामः

..............................................................................................................................

१०. व्यवसायको दर्ता नं.:

११. व्यवसाय दर्ता गरेको मिति :

(व्यवसाय दर्ता प्रमाणपत्रको छायाँप्रति संलग्न गर्नुपर्ने)

१२. व्यवसायको VAT/PAN नं.:

१३. आवेदक (सञ्चालक) को PAN नं.:

१४. उद्योगको प्रकृति उल्लेख गर्नुहोस् । चिनो (✓) लगाउनुहोस् ।

(क) कृषि पशुपालन

(ख) उत्पादन सम्बन्धी उद्योग

(ग) प्रशोधन र प्याकिजिङ्ग

(घ) होटल तथा पर्यटन

(ङ) अन्यः (उल्लेख गर्नुहोस्)

१५. व्यवसायमा संलग्न रोजगारी संख्याः

१६. उद्योग/ व्यवसायमा लगानी गरेको पूँजी रकमः

१७. स्थानीय स्रोत साधन उपयोग गरेको भए के के उपयोग भएका छन् सो समेत खुलाउने (स्रोतको परिमाण)..... .........................

१८. उद्योग/व्यवसायमा प्रयोग हुने कच्चा पदार्थ र प्रविधिः चिनो (✓) लगाउनुहोस्।

(क) सबै स्थानीय स्रोत साधन एवं कच्चा पदार्थको प्रयोग हुने।

(ख) ५० प्रतिशत वा सो भन्दा वढी स्थानीय स्रोत साधन एवं कच्चा पदार्थको प्रयोग हुने।

(ग) ५० प्रतिशत भन्दा कम स्थानीय स्रोत साधन एवं कच्चा पदार्थको प्रयोग हुने।

१९. वार्षिक कति रकम बराबरको कुन वस्तु उत्पादन/बिक्रि हुन्छ खुलाउने (रकम समेत उल्लेख गर्नुहोस्)

(क) उत्पादित वस्तुको विवरणः ...........................................................

(ख) वार्षिक बिक्रिबाट प्राप्त भएको वस्तुको कूल रकमः...........................................

(ग) कूल उत्पादित वस्तु मध्ये वार्षिक रुपमा बिक्रि हुने वस्तुको प्रतिशत उल्लेख गर्नुहोसः

चिनो (✓) लगाउने

(१) ९० प्रतिशत भन्दा बढी बिक्रि हुने गरेको

(२) ७० देखि ९० प्रतिशतसम्म बिक्रि हुने गरेको

(३) ७० प्रतिशत भन्दा कम बिक्रि हुने गरेको।

२०. सामाजिक दायित्व बहन गरेको भए के कस्तो संस्थालाई कहिले, कसरी र कति रकम बराबरको योगदान गरेको हो नगद वा वस्तुगत खुलाउने (स्थानीय स्तरमा सामाजिक कार्यमा आर्थिक/वस्तुगत सहयोग, जस्तैः विद्यालय, कलेज, क्लव आदिमा आर्थिक योगदान)

..........................................................................................................................

(योगदान गरेको पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने। यदि वस्तुगत सहयोग गरेको भए कति रकम बराबरको सहयोग गरेको हो सो खुलाउनुपर्ने )

२१. वातावरण मैत्री प्रविधि प्रयोग तथा प्रदुषण व्यवस्थापन गरेको भए के कस्तो प्रविधि कसरी प्रयोग भएको छ खुलाउने।

..........................................................................................................................

(वातावरणमैत्री प्रविधि प्रयोग गरेको प्रमाण पेश गर्ने)

**नोटः आफुले उल्लेख गरेका विषयहरुको आवश्यकतानुसार पुष्ट्याइ गर्ने कागजात संलग्न गर्नुपर्नेछ।**

निवेदक

...............

हस्ताक्षर

नाम थरः

ठेगाना:

मितिः

सम्पर्क फोन नं.:

इमेलः

संस्थाको छापः

**अनुसूची -३**

**(दफा ८ को उपदफा (५) सँग सम्बन्धित)**

**उद्यमी छनौट गर्ने मूल्याङ्कन सूचक**

उद्यमी पुरस्कारको लागि १०० पूर्णाङ्कमा मूल्याङ्कन गरिनेछ। यसरी मूल्याङ्कन गर्दा देहायका विषयहरूमा देहाय अनुसार मूल्याङ्कन गरिने छ।

(क) रोजगार सिर्जना (३०)

| | |
|---|---|
| ६ जना वा सो भन्दा बढी | ३० |
| ३- ५ जना सम्म | १५ |
| १- २ जना सम्म | १० |

(ख) पूँजी लगानी (२०)

| | |
|---|---|
| ५ लाख वा सो भन्दा बढी | २० |
| ३ लाख देखि ४ लाख सम्म | १५ |
| ३ लाख भन्दा कम | १० |

(ग) स्थानीय स्रोत, साधन र प्रविधिको प्रयोग (१०)

| | |
|---|---|
| सबै स्थानीय स्रोत, साधन र प्रविधिको प्रयोग भएमा | १० |
| ६० प्रतिशत भन्दा बढी प्रयोग भएमा | ५ |
| ६० प्रतिशत भन्दा कम प्रयोग भएमा | ३ |

(घ) उत्पादन बिक्रि गरेको (१०)

| | |
|---|---|
| कुल उत्पादनको ९० प्रतिशतभन्दा बढी बीक्रि हुने | १० |
| कुल उत्पादनको ९० प्रतिशतभन्दा कम बीक्रि हुने | ५ |

(ङ) सामाजिक दायित्व बहन (१०)

(स्थानीय स्तरमा सामाजिक कार्यमा आर्थिक तथा वस्तुगत सहयोग, जस्तै विद्यालय, कलेज, क्लव वा अन्य कार्यमा आर्थिक योगदान)

| | |
|---|---|
| रु. ५० हजार भन्दा बढी योगदान गर्ने | १० |
| रु. १५ हजार देखि ४९ हजार सम्म योगदान गर्ने | ५ |
| रु. ५ हजार देखि १४ हजार सम्म योगदान गर्ने | ३ |

(च) वातावरणमैत्री प्रविधिको प्रयोग तथा प्रदुषण व्यवस्थापन (१०)

| | |
|---|---|
| गुणस्तरीय वातावरणमैत्री प्रविधिको प्रयोग गरेको भएमा | १० |
| वातावरणमैत्री प्रविधिको प्रयोग सामान्य गरेको भएमा | ५ |

(छ) दुर्गम एंव विकट क्षेत्र वा गाउँ घरमा उद्योग स्थापना र व्यवसाय सञ्चालन (१०)

| | |
|---|---|
| दुर्गम क्षेत्रमा भएको | १० |
| दुर्गम क्षेत्रमा नभएको | ५ |

द्रटब्य:

*१. दुर्गम क्षेत्र भन्नाले नगरपालिकाको कार्यालयबाट १५ कि.मि. भन्दा बढी दुरीमा भएको मानिनेछ।*

**अनुसूची-४**
**(दफा ८ को उपदफा (३) र दफा १३ सँग सम्बन्धित)**
**उद्यमी छनौट तथा सिफारिस प्रतिवेदन**

सूर्योदय नगरपालिकाको आ.व.                    को वार्षिक कार्यक्रम अनुसार वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमै उद्यम गरेका उद्यमीहरुलाई पुरस्कृत गर्ने कार्यक्रमका लागि नगरपालिकाबाट मिति...........       मा प्रकाशित सूचना अनुसार दरखास्त दिएका आवेदकहरु मध्येबाट कार्यविधिको सूचक अनुसार मूल्यांकन गर्दा तपसिल बमोजिमका आवेदकहरुलाई पुरस्कृत गर्ने समितिबाट सिफारिस भएको छ।

क) कार्यक्रमको नामः-
ख) सूचना प्रकाशन मितिः-
ग) आवेदक संख्याः-
घ) मूल्यांकन समितिको बैठक संख्याः-
ङ) मूल्यांकन समितिबाट पुरस्कारका लागि सिफारिस भएका उद्यमीहरुः-
(उद्यमीको नाम/थर, ठेगाना, पुरस्कार रकम, पुरस्कारको नाम)

१.
२.
३.
४.
५.
६.
७.
८.